# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ६, ललितपुर, फाल्गुण १४ गते, २०७९ साल, अतिरिक्ताङ्क ३

## लागत सहभागिता साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

ललितपुर महानगरपालिकाको सबै वडाहरुमा स्थानीय स्तरमा प्रत्यक्षरुपमा जनताको पुर्ण सहभागितामा जनताकै विकासका लागि जनताले आफै योजना माग गरी कार्यान्वयन गर्न "लागत सहभागिता साझेदारी कार्यक्रम"

सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले  त्यस्तो कार्यलाई थप ब्यवस्थित एवं प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी ललितपुर महानगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " ललितपुर महानगरपालिका लागत सहभागिता साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९" रहेको छ ।

(१.१) यो कार्यविधि ललितपुर महानगरपालिका नगरकार्यपालिकाबाट पारित भएपश्चात लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं आर्थिक कार्यविधि नियमित तथा

व्यवस्थापन गर्नका लागि बनेको ऐन २०७५ सम्झनु पर्दछ ।

ख) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ ।

ग) "सार्वजनिक खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन २०६३ सम्झनु पर्दछ ।

घ) "सार्वजनिक खरिद नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ सम्झनु पर्दछ ।

ङ) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्दछ ।

च)"प्रमुख " भन्नाले महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

छ) "उपप्रमुख" भन्नाले महानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ ।

झ) "वडा अध्यक्ष" भन्नाले वडा तहमा निर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ।

ञ) "कार्यपालिका सदस्य" भन्नाले नगरकार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।

ट) "वडा सदस्य" भन्नाले वडा तहमा निर्वाचित वडा सदस्यलाई सम्झनु पर्दछ ।

ठ) "स्थानीय तह" भन्नाले ललितपुर महानगरपालिका तथा सो अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

ड) "सार्वजनिक निमार्ण कार्य" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पुर्ण स्वामित्व भएको संगठित संस्था तथा स्थानीय तहको तर्फबाट सम्पन्न गरिने जुनसुकै निर्माण कार्य सम्बन्धी निर्माण कार्यलाई सम्झनु पर्दछ र सो शब्दले पून: निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँदछ ।

ढ) "समुदाय" भन्नाले टोल गाँउ वा वस्ती स्तरमा बसोवास गर्ने व्यक्तिहरुको समुह वा समाजलाई सम्झनु पर्दछ ।

ण) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने लागत सहभागिता साझेदारी कार्यक्रम अन्तर्गतका श्रमदान योग्य वा श्रमप्रधान सार्वजनिक पुर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ ।

त) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउछ ।

थ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको लागत साझेदारीको रकम जम्मा गर्ने र आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउँछ ।

द) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि महानगरपालिका र उपभोक्ता समितिबिच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

## परिच्छेद २

## आयोजनाको प्रकृति वा क्षेत्रहरु

**३. आयोजना सञ्चालनका क्षेत्रहरु :** यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजनामात्र छनौट गर्नु पर्नेछ ।

क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय स्तरमा आयोजनाको आवश्यकता महसुश गरी लागत सहभागिता साझेदारी कार्यक्रमका लागि माग गरिएका सडक, ग्राभेल, ढल, फुटपाथ निर्माण तथा मर्मत सम्भार कार्य ।

ख) कृर्षि तथा सिचाई :-

- सिंचाईका लागि कुलो तथा पैनी, पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत कार्य ।
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार कार्य ।

ग) खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाइपलाइन विस्तार तथा मर्मत सम्भार कार्य ।

घ) स्वास्थ्य तथा सरसफाई :-

- सामुदायिक अस्पताल, स्वास्थ्य चौकी, प्रसुती गृह, सहरी स्वास्थ्य चौकी निर्माण तथा मर्मत सम्भार कार्य ।
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार कार्य ।
- फोहोर ब्यवस्थापनका पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्य ।

ङ) शिक्षा :-

- सामुदायिक बिद्यालय भवन, शौचालय, सार्वजनिक पुस्तकालय, खेल मैदान, कम्पाउण्डवाल निर्माण तथा मर्मत सम्भार कार्य ।

च) वन तथा जलाधार :-

- पहिरो तथा नदी नियन्त्रण कार्य ।
- साना बाँध निर्माण कार्य ।

- बृक्षारोपण तथा वन जङ्गल संरक्षण कार्य ।

छ) पर्यटन :-

- पदमार्ग निर्माण कार्य ।
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षणकार्य ।

## परिच्छेद ३
## आयोजना छनौट प्रक्रिया

४. **सूचना प्रकाशित गर्ने :** ललितपुर महानगरपालिकाबाट लागत साझेदारी गर्न इच्छुक संघ, संस्था , समूह वा उपभोक्ता समितिको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

५. **आयोजना माग गर्न सक्ने :** ललितपुर महानगरपालिका भित्रका स्थानीय समुह, संघ, संस्थाहरुले सम्बन्धित वडाको सिफारिस सहित आयोजना माग गर्न सक्ने छन ।

६. **आयोजना माग गर्दा निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु** : ललितपुर महानगरपालिकाबाट प्रकाशित सूचना बमोजिम इच्छुक संघ, संस्था, समूह वा उपभोक्ताले सम्पूर्ण विवरण खुलाई आफ्नो संस्थाको निर्णय तथा वडा कार्यालयको सिफारिस समेत संलग्न गरी अनुसूची १ बमोजिमको प्रस्ताव अनुसारको माग फाराम भरी निवेदन पेश गर्नु पर्नेछ । त्यस्तो आयोजनाको माग गर्दा नाम, कार्यस्थल, प्रकृति, लागत अनुमान, योजना सम्पन्न गर्न सकिने अवधि, लागत साझेदारी गर्नु पर्ने रकम खुलाउनु पर्नेछ ।

७. **आयोजना समयमै सम्पन्न गर्नेछु भन्ने प्रतिबद्धता** : यसरी निवेदन पेश गर्दा समयमै सम्पन्न गर्नेछु भन्ने प्रतिबद्धता पत्रसमेत संलग्न गर्नु पर्नेछ ।

८. **Verification गर्ने, छनौट गर्ने र जानकारी गराउने** : विभिन्न संघ, संस्था, समूह वा उपभोक्ताले नियमानुसार माग गरेका आयोजनाहरुको Verification गर्ने, छानविन गर्ने र समयमै आयोजना छनौट गरी छनौटमा परेका आयोजनको जानकारी सम्बन्धित संस्थालाई ७ दिनभित्र गराउनु पर्नेछ ।

९. **लागत साझेदारीको रकम जम्मा गर्नु पर्ने** : स्वीकृत लागत अनुमानको न्यूनतम ४० प्रतिशत बरावरको रकम लागत साझेदारी गर्न इच्छुक संघ, संस्था, समूह वा उपभोक्ता समितिले ललितपुर महानगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

१०.**दर्ता भएको हुनु पर्ने** : लागत साझेदारी गर्न चाहने संघ, संस्था, समूह प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा गरी गठन, दर्ता र सञ्चालन भएको वा वडास्तरीय आयोजना/योजना सम्झौता गर्ने सम्बन्धी कार्यविधि,२०७८ वमोजिमको हुनु पर्नेछ ।

११.**कालो सुचीमा परेकोले काम नपाउने** : नेपाल सरकार वा स्थानीय सरकारबाट कालोसुचीमा परेको संघ संस्था यस प्रयोजनका लागि योग्य मानिने छैन ।

१२.**आयोजनाको लागत सीमा** : आयोजनाको कुल लागत सीमा अधिकतम १(एक) करोड मात्र हुनेछ ।

## परिच्छेद ४

## आयोजना कार्यान्वयन प्रक्रिया

१३.**लागत अनुमान तयार भई स्वीकृत भएको हुनु पर्ने:** प्राथमिकीकरणमा परेका आयोजनाको लागत इष्टिमेट

महानगरपालिका वा वडा कार्यालयबाट तयार गरी स्वीकृत भएको हुनु पर्नेछ ।

१४.**सम्झौता गर्नु पर्ने** : प्राथमिकिकरणमा परेका तथा स्वीकृत भएका आयोजनाका लागि महानगरपालिकासँग नियमानुसारको सम्झौता गर्नु पर्नेछ । सम्झौता भए पश्चातमात्र आयोजनाको निर्माण कार्य अगाडि बढाइनेछ ।

१५.**कार्यादेश दिनु पर्ने** : सम्झौता भएका आयोजनाको सम्बन्धित संघ संस्थालाई निर्णय भएको मितिले ७ दिन भित्र कार्यादेश दिनु पर्नेछ । कार्यादेश पाएको मितिले ७ दिनभित्र अनिवार्य रुपमा काम शुरुवात गर्नु पर्नेछ । निर्धारित समयभित्र काम शुरु नगर्ने संस्थासँग कावुभन्दा बाहिरको परिस्थिति परेको बस्तुनिष्ठ कारण वा आधार बाहेक) सम्झौता भङ्ग गरिनेछ ।

१६.**बैंक खाता सञ्चालन** : छनौट भएका आयोजना निर्माण गरी रकम भुक्तानी गर्दा आयोजना निर्माण समूह वा उपभोक्ता समितिको बैंकमा छुट्टै खाता सञ्चालन गर्नु पर्नेछ । खाता सञ्चालन गर्दा अध्यक्ष, सचिव र

कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

**१७.पेश्की तथा भुक्तानी** : लागत सहभागिता साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसार सम्झौता भए पश्चात शुरुमा ३३ प्रतिशत पेश्की उपलब्ध गराइनेछ ।पहिलो किस्ता बराबरको रकमको पेश्की फछ्यौट पछि माग बमोजिम दास्रो किस्ता वापतको रकम उपलब्ध गराइनेछ । आयोजनाको बाँकी रकम काम सम्पन्न भएपछि कार्यसम्पन्न प्रतिवेदन सहित भुक्तानी माग गर्नु पर्नुपर्नेछ । थप निरिक्षण तथा अवलोकन गरेपश्चात  सम्पुर्ण रकमको भुक्तानी गरिनेछ ।

**१८.आयोजनाको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन** : १) आयोजनाको अनुगमन, मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन तथा जाँचपास महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट हुनेछ ।

२) आयोजनाको नियमित प्राविधिक सुपरीवेक्षण र अनुगमन मूल्याङ्कन महानगरपालिकाले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

**१९.मर्मत अवधिः** आयोजनाको मर्मत अवधि न्यूनतम् १ वर्षसम्मको रहनेछ । सो समयभित्र मर्मत सम्भार गर्ने दायित्व निर्माण गर्ने संस्थाको हुनेछ ।

**२०.सार्वजनिक सुनुवाईः**आयोजना निर्माण गर्ने संघ संस्थाले महानगरपालिकाको प्रतिनिधिको रोहबरमा आयोजना स्थलमा आयोजनासँग सम्बन्धित ब्यक्तिहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

**२१.गुणस्तर सुनिश्चितता** : १) महानगरपालिकाले आवश्यकता महशुस गरेमा गुणस्तर परिक्षण Lab Test) तथा प्राविधिक परिक्षण गर्न सक्नेछ । सम्पादित काम गुणस्तरयुक्त नदेखिएमा महानगरपालिकाले तत्काल काम रोक्न आदेश दिन सक्नेछ ।

**२२.तेस्रो पक्षको संलग्नता** : लागत सहभागी साझेदारी कार्यक्रमका आयोजनामा कुनै पनि काम ठेक्का मार्फत वा तेश्रो पक्ष नियुक्ति गरी गर्न पाइने छैन ।

**२३.पारदर्शिता र उत्तरदायित्व** : लागत सहभागी साझेदारी कार्यक्रमका आयोजना सञ्चालन गर्दा पूर्ण रुपमा पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

२४.**सार्वजनिक परिक्षण गर्ने/गराउने** : ललितपुर महानगरपालिकाले लागत सहभागीता साझेदारी कार्यक्रमको आयोजनाहरुको सार्वजनिक परिक्षण गर्न /गराउन सक्नेछ ।

२५.**छुट्टै अभिलेख राखिने** : लागत सहभागिता साझेदारी कार्यक्रमको आयोजनाहरुको छुट्टै अभिलेख राखिनेछ ।

## परिच्छेद ५

## विविध

२६.**नेपाल सरकारको ऐन नियम अनुसार हुने** : यस कार्यविधिमा नसमेटिएका अन्य जुनसुकै कार्यको हकमा नेपाल सरकारले ब्यवस्था गरे बमोजिमका ऐन नियम अनुसार हुनेछ ।

२७.यस कार्यविधिमा समावेश भएका विषयहरु यसै कार्यविधि बमोजिम हुनेछन ।अन्य विषयहरु ललितपुर महानगरपालिकाको "वडास्तरमा आयोजना/योजना सम्झौता गर्ने सम्बन्धी कार्यविधि, २०७८" बमोजिम हुनेछन ।

२८.**बाधा अड्काउ फुकाउन र ब्याख्या गर्न सक्ने** : ललितपुर महानगरपालिका नगरकार्यपालिकाको

कार्यालयले लागत सहभागिता साझेदारी कार्यक्रमका आयोजना सञ्चालनमा आइपर्ने बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने छ ।

२९. **अनुसूची हेरफेर तथा थपघट गर्न सक्ने** : ललितपुर महानगरपालिकाले अनुसूचिमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

# अनुसूचि -१
## परिच्छेद ३ को दफा ६ सँग सम्बन्धित
## लागत सहभागिता साझेदारीमा सञ्चालन हुने परियोजना/कार्यक्रमको अवधारणा पत्रको ढाँचा

| परियोजना सम्वन्धि जानकारी | |
|---|---|
| परियोजनाको नामः- | |
| परियोजना कार्यान्वयन स्थानः- | |
| आवेदकको नामः- | |
| आवेदकको ठेगानाः- | |
| आवेदकको इमेल र फोन नंम्वरः- | |
| प्रस्तावको किसिमः- | एकल वा संयुक्त |
| संयुक्त प्रस्तावक भएमा प्रस्तावकहरुको विवरण | मुख्य प्रस्तावक<br>नामः-<br>ठेगानाः-<br>इमेलः-<br>फोन नं.-<br>साझेदार प्रस्तावक<br>नामः-<br>ठेगानाः-<br>इमेलः-<br>फोन नं.- |
| परियोजानको अवधारणा | |
| पृष्ठभूमिः- | |
| उद्देश्यः- | |
| औचित्यः- | |
| परियोजना अवधिः- | |

| | |
|---|---|
| परियोजनाको संक्षिप्त कार्यान्वयन योजनाः- | |
| लागत सहभागिताको संरचनाः- | परियोजनाको कुल लागतः-<br>आवेदकले व्यहोर्ने लागत हिस्सा :-<br>साझेदार संस्थावाट व्यहोर्ने लागत हिस्सा ( संयुक्त आवेदकको हकमा) :- |
| ग्राह्य खर्चका क्षेत्रहरुः- | |
| **विवरण** | **अनुमानित लागत रकम** |
| श्रमिक ज्याला | |
| स्थानीय निर्माण सामाग्री | |
| बाह्रय निर्माण सामाग्री | |
| निर्माण औजार | |
| अन्य | |
| जम्मा | |

**आयोजना माग गर्नेको विवरण**

नामः

ठेगानाः

सहिः

मितिः

**वडा अध्यक्ष**

नामः

वडा नं :

सहि/छाप :

मितिः

## संलग्न गर्नु पर्ने कागजातहरु

१. संस्थाको निर्णयको प्रतिलिपि ।

२. संस्थाका कार्यानुभव पत्रहरु (सम्भव भएसम्म) ।

३. संस्थाले सहकार्य गरेका अन्य संस्थाहरु (सम्भव भएसम्म) ।

४. संस्थाको दर्ता, नवीकरण र स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र ।

५. संस्थागत विवरण (पृष्ठभूमि सहित) ।

६. लागत साझेदारीको लागि आवश्यक बजेटको श्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने पर्याप्त आधार देखिने कागजात ।

७. प्रस्ताव पेश गर्ने अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि ।

८. निर्धारित समयमा कार्यसम्पन प्रतिवद्धता पत्र ।

९. कालोसूचिमा नपरेको स्वघोषणा पत्र ।

**प्रमाणीकरण मिति**
२०७९/११/१४

**आज्ञाले**
गणेश अर्याल
प्रमुख प्रशासकीय अधिकृत